खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पुर्ण स्वामित्व भएको)

मधेश प्रादेशिक कार्यालय, जनकपुरधाम

सूचना। सूचना।। सूचना।।।

कनिका र ब्रान बिक्री गर्ने सम्बन्धमा गोप्य सिलबन्दी दरभाउपत्र आव्हानको सुचना।

तेस्रो पटक प्रकाशित मिति २०८३/०८/१० गते

खाद्य व्यवस्था तथा व्यापार क.लि. प्रादेशिक कार्यालय जनकपुरधामको गोदाम मौज्दातमा रहेको १४,०१३.०८ क्वी. सोना मंसुली धान कुटानी भई प्राप्त हुने उप-पदार्थहरु कनिका र ब्रान बिक्री गर्नुपर्ने भएकोले कम्पनीले तोकेको तपसिल बमोजिमको न्युनतम मूल्यमा नघट्ने गरी ईच्छुक ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीबाट उल्लेखित शर्तहरुको अधिनमा रहि ७ (सात) दिन भित्र गोप्य शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।दरभाउपत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलि पल्ट वा कार्यालय खुलेको दिन तपसिलमा उल्लेखित भएबमोजिम उक्त कार्य हुनेछ।

तपसिलः-

क्र.सं.	उप-पदार्थको नाम	ईकाइ	बिक्री हुने मोटामोटी परिमाण	कम्पनिले तोकेको न्युनतम मूल्य	दरभाउ पेश गर्दा राख्नुपर्ने धरौटी रकम	दरभाउपत्र बिक्री गर्ने/ खोल्ने कार्यालय
१.	कनिका	क्वी.	५७५.००	३,८१०/-	५४,७६८/७५	कम्पनीको मधेश प्रादेशिक कार्यालय जनकपुरधाम,मुजेलिया
२.	ब्रान	क्वी.	९४०.००	३,६२५/-	८५,१८७/५०	

शर्तहरुः-

१.दरभाउपत्र फारम मिति २०८३/०८/१६ गते सम्म पछि फिर्ता नहुने गरि प्रत्येक उप-पदार्थहरुका लागी छुट्टाछुट्टै दरभाउ पत्र रु.१०००/- (रु एक हजार) मात्र का दरले कार्यालय समयभित्र खरिद गर्न सकिनेछ।सो फारम यस कम्पनिको मधेस प्रादेशिक कार्यालयमा नगद जम्मा गरी प्राप्त गर्न सकिने छ वा यस कम्पनिको प्रधान कार्यालयको नाममा नेपाल बैंक लिमिटेड स्थित खाता नं ००२००१००५०२४२४०००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी प्राप्त गर्न सकिने छ।

२. दरभाउपत्र दाताले दरभाउपत्र साथ कम्पनी /फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मु.अ.कर वा स्थायी लेखा नं, फर्म रजिष्ट्रेशन प्रमाण पत्र, आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि , नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि संलग्न राख्नुपर्ने छ।

३. दरभाउपत्र साथ कनिका र ब्रान आफुले कबोल गरेको मूल्यको २.५% (दुई दशमलब पाँच प्रतिशत)ले हुन आउने रकम यस कम्पनीको प्रधान कार्यालयको काठमाडौंको नेपाल बैक लि.को नाममा रहेको च.हि.नं.००२००१००५०२४२४०००००१ मा जम्मा गरेको सक्कलै भौचर वा यस प्रादेशिक कार्यालयमा नगद जम्मा गरेको नगदि रसिद सिलबन्दी दरभाउपत्र साथ संलग्न राखी पेश गर्नुपर्ने छ।

४. दरभाउपत्र मिति २०८३/०८/१७ गते दिनको १२:०० बजे सम्म पेश गरी सक्नुपर्नेछ। पेश हुन आएको दरभाउपत्र सोहि दिनको २:०० बजे यस कार्यालयमा प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ।उक्त समयमा दरभाउपत्र दाता उपस्थित नभए पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा हुने छैन।

५.दरभाउपत्र दाताले कनिका र ब्रान प्रति क्वी. का दरले दरभाउपत्र आफुले गर्न चाहेको दररेट अंक र अक्षरमा समेत प्रष्ट रुपमा उल्लेख गरेको हुनुपर्छ।

६.दरभाउ पत्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कम्पनिमा रहनेछ।

७.दरभाउ पत्र स्वीकृत भएको जानकारी पाएको सात दिन भित्र आफुले कबोल गरेको मूल्यले हुन रकमको बाँकी थप २.५% (दुई दशमलब पाँच प्रतिशत) धरौटी रकम सहित कुल ५% धरौटी रकम जम्मा गरी सम्झौता गर्न आउनु पर्ने छ।

८.रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्याता दिईने छैन।

९.कनिका र ब्रान जे जस्तो अवस्थामा रहेको छ।सोहि अवस्थामा उठाई लैजानुपर्ने छ।

१०.यस सम्बन्धी अन्य थप जानकारी लिन चाहेमा मो.न.९८५४०२७२४७ वा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
मधेश प्रादेशिक कार्यालय, जनकपुरधाम।
मो.नं.९८५४०२७२४७